समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/११/२१ बैठक संख्याः २०

बैठक प्रारम्भ समयः विहानको ८:०० बजे बैठक समापन समयः बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

**निर्णयहरु**

१. यस खाँदबारी नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुको दुर्घटना बीमाका लागि आवश्यक रकम व्यवस्था गरी बीमा प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

२. खाँदबारी नगरपालिकाको वडा नं. ९ को तुर्केटार भन्ने स्थानमा अवस्थित जग्गा विगतदेखि स्थानीय बासिन्दाहरुले भोगचलन गर्दै आएको तर जग्गाधनी प्रमाणपूर्जा प्राप्त नभईसकेको जग्गा भोगचलन गर्ने व्यक्तिहरुले राजीखुसीले उक्त जग्गा औद्योगिक ग्राम स्थापना गर्न उपलब्ध गराउने लिखित सहमती समेत प्राप्त भईसकेको र जग्गा औद्योगिक ग्राम स्थापना गर्न भोगाधिकार प्राप्त गर्न सम्बन्धित निकायमा पठाउने र उक्त जग्गामा औद्योगिक ग्रामको बृहत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन समेत गर्न आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

३. नगरपालिकाभित्रका मुख्य बजारक्षेत्रभित्रका सडकहरुको कालोपत्रे गरी आवागमनलाई सहज बनाउनका लागि सडकहरुको लागत अनुमान तयार गरी विभिन्न निकायमा रकम विनियोजन गर्न माग गर्ने र आगामी दिनमा नगरपालिकाले समेत रकम विनियोजन गर्दै जाने निर्णय गरियो ।

४. यस नगरपालिकामा विगतदेखि रिक्त रहेको सूचना प्रविधि अधिकृत पदमा पदपूर्ति गर्ने साथै रिक्त रहेका, कानून बमोजिम करार सेवामा लिन मिल्ने र अति आवश्यक पदमा समेत कर्मचारी करार सेवामा लिने निर्णय गरियो ।

५. विपद् तथा विभिन्न रोगबाट पिडित निम्न व्यक्तिहरुलाई निम्न श्रोतबाट आर्थिक सहायता रकम वडा कार्यालयको सिफारिसलाई समेत आधार मानी उपलब्ध गराउने निर्णय गरियो ।

निम्नः

| सि. नं. | नाम, थर | ठेगाना | रकम रु. | सहायता माग गर्नुपर्ने कारण | खर्च व्यहोर्ने श्रोत |
|---|---|---|---|---|---|
| १ | उपेन्द्र घिमिरे | खाँदबारी-५ | २०,०००।- | बाढी पहिरो | विपद् व्यवस्थापन |
| २ | चिन्तामणी गौतम | खाँदबारी १० | १०,०००।- | बाढी पहिरो | विपद् व्यवस्थापन |
| ३ | रमेश भट्टराई | खाँदबारी-२ | २०,०००।- | नशा हड्डी रोग | आर्थिक सहायता |
| ४ | श्याम ब. बानिया | खाँदबारी-८ | १५,०००।- | पथरिया | आर्थिक सहायता |
| ५ | ओम ब. अधिकारी | खाँदबारी- २ | १५,०००।- | टाउकोमा गम्भिर चोट | आर्थिक सहायता |
| ६ | उज्ज्वल राई | खाँदबारी- २ | १०,०००।- | टाउकोमा गम्भिर चोट | आर्थिक सहायता |
| ७ | कोपिला कार्की | खाँदबारी- १ | २०,०००।- | उच्च रक्तचाप | आर्थिक सहायता |
| ८ | भुवनजंग घिमिरे | खाँदबारी- ६ | २०,०००।- | बाढी पहिरो | विपद् व्यवस्थापन |
| ९ | राजकुमार बस्नेत | खाँदबारी- ९ | २०,०००।- | आगलागी | विपद् व्यवस्थापन |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/११/२१

बैठक प्रारम्भ समयः विहानको ८:०० बजे बैठक समापन समयः बजे

बैठक संख्याः २०

| | | | | | |
|---|---|---|---|---|---|
| १० | अम्बिका श्रेष्ठ | खाँदबारी- ९ | १५,०००।- | | आर्थिक सहायता |
| ११ | पदम ब.खत्री | खाँदबारी-२ | १५,०००।- | डाइलसिस | आर्थिक सहायता |

६. कार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरु तथा खाँदबारी नगरपालिका अन्तर्गतका अन्य निकायहरुमा विगतदेखि करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गरी कार्यसम्पादन उच्च रहेका कर्मचारीहरु र आवश्यक पदहरुमा प्रचलित कानूनबमोजिम तीन महिनासम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

७. यस खाँदबारी नगरपालिका क्षेत्रभित्रको जग्गा सम्बन्धित जग्गाधनीहरुले स्वयं घोषणा गरी पेश भए बमोजिम भू उपयोग ऐन तथा नियमावली अनुसार जग्गा वर्गीकरण स्वीकृत गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

८. खाँदबारी नगरपालिका वडा नं. ९ को जिल्ला समन्वय समिति, संखुवासभाको स्वामित्वमा रहेको कि.नं. ९७७ जग्गामा सार्वजनिक शौचालय निर्माणको लागि के-कति जग्गा उपलब्ध गराउनु पर्ने हो ? सो सार्वजनिक शौचालयको डिजाइन, स्टिमेट सहित पठाउनुहुन भनी जिल्ला समन्वय समिति, संखुवासभाको च.नं. २२१ मिति २०७९/११/१७ गतेको पत्रानुसार लेखी आएकोमा उक्त जग्गाको उत्तरपूर्व मोहडाबाट चार आना जग्गा उपलब्ध गराउन प्राविधिक डिजाइन, स्टिमेट समेत जिल्ला समन्वय समिति, संखुवासभामा पठाउने निर्णय गरियो ।

९. वडा नं. ६ मा खेलमैदान निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानूनबमोजिमको प्रकृया पुरा भई सकेकोले उक्त जग्गा खेलामैदान निर्माणका लागि खरिद गर्ने निर्णय गरियो ।

१०. वडा नं. ८ को रातमाटे भन्ने स्थानमा खेलमैदान निर्माणको लागि विनियोजित रकमबाट खेलमैदान निर्माण गर्ने कार्य उपभोक्ता समितिबाट वनक्षेत्रको विवादका कारण सम्पन्न हुन नसकेकोले डिभिजन वन कार्यालय, संखुवासभासमेतसँग समन्वय गरी नगरपालिकाले कोटेशनको माध्यमबाट खेलमैदान निर्माण गर्ने निर्णय गरियो ।

११. चेवाबेंशी कात्तिकेघाटमा मलामी पाटी निर्माण र दाउरा डिपो व्यवस्थापनको लागि आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

१२. संघीय सरकारबाट हस्तान्तरित नागरिक आवास कार्यक्रमका लागग्राहीहरुमध्ये तोकेबमोजिम सम्झौता गरी कार्य सम्पन्न गरेका तर दुबै किस्ता भुक्तानी नलिएका व्यक्तिहरुको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

१३. तुम्लिङटारस्थित हाटबजार लाग्ने स्थान, चेवावेशी बसपार्क र अरुण बरुण मनकामना मोक्षघाटमा सार्वजनिक शौचालय निर्माणका लागि उपयुक्त श्रोतबाट आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

१४. खाँदबारी नगरपालिका वडा नं. ८ मा धोविखोला-आइतबारे ढल निर्माणका लागि उपयुक्त श्रोतबाट आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

१५. नगरपालिकाले बार्षिक रुपमा फोहरमैला व्यवस्थापनका लागि उल्लेख्य रकम खर्च गरेको तर फोहरमैला व्यवस्थापन शुल्कबाट खर्चको तुलनामा कम रकम उठ्ने देखिएकोले फोहरमैला व्यवस्थापन कार्य निजी क्षेत्र मार्फत व्यवस्थापन गर्दा नगरपालिकाले सो कार्यका लागि लाग्ने खर्च कम हुने देखिएको हुँदा मिति २०७९/०४/२३ मा निजी क्षेत्र मार्फत

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थापन गर्न प्रस्ताव आव्हान गर्दा पेश भएका प्रस्तावहरु अध्ययन गरी लाभ लागत समेतको विश्लेषण गरी सो सम्बन्धमा सात दिनभित्र आवश्यक सुझाव र सिफारिस गर्न निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

निम्न:

क. बिमलराज गौतम- वडा नं. ९ अध्यक्ष - संयोजक
ख. भरत कुमार घिमिरे- वडा नं. ३ अध्यक्ष - सदस्य
ग. खेमराज निरौला, सामाजिक विकास अधिकृत - सदस्य-सचिव

१६. हालसम्म नगरपालिकामा विभिन्न योजना तथा कार्यक्रम माग गरी प्राप्त भएका निवेदनहरु र विभिन्न विपद् तथा रोग पिडितहरुले रकम माग गरी दर्ता गरेका निवेदनहरु उपर छानविन गरी, प्राथमिकता समेत निर्धारण गरी उपयुक्त श्रोतबाट रकम विनियोजन सिफारिस गर्न निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

निम्न:

क. युवराज आचार्य, प्रमुख प्रशासकीय अधिकृत -संयोजक
ख. रुद्रमणी श्रेष्ठ, लेखा अधिकृत -सदस्य
ग. दिनेश कट्टेल, प्रशासकीय अधिकृत -सदस्य
घ. खेमराज निरौला, सामाजिक विकास अधिकृत -सदस्य
ङ. टंक बहादुर डाँगी, जिन्सी प्रमुख -सदस्य

१७. निम्न आयोजनाहरुको बृहत परियोजना प्रतिवेदन तयार गरी विभिन्न निकायहरुमा बजेट माग गरी पठाउने निर्णय गरियो ।

क. गोकुले मुहानदेखि सिरान टोलसम्म सिंचाई कुलो मर्मत, खाँदबारी- ६
ख. मंगलादेवीथान-माल्टा सडक निर्माण, खाँदबारी- ३
ग. तुम्लिङटार गुम्बादेखि साठीमुरे हुँदै जैसीबारी-हाइवे सडक निर्माण, खाँदबारी-९
घ. लिलिबरदेखि अरुणथानसम्म जाने मोटरबाटो ढलान, खाँदबारी- ४
ङ. सिपपाखा- आलुबारी मुहान गरी सरस्वती मा.बि. हुँदै स्वास्थ्य चौकीसम्म खानेपानी व्यवस्थापन, खाँदबारी- ५
च. खाँदबारी-१ घिमिरेगाउँदेखि पिपलडाँडा बाङ्गे गाउँ-मगर गाउँ-सिम्ले हुँदै खाँदबारी-३ को पुलामी गाउँसम्म जाने मोटरबाटो, खाँदबारी- ७
छ. नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरु तथा सम्पूर्ण विद्यालयहरुको काम कारबाहीलाई डिजिटाइजेसन गर्ने कार्य ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७७, नियम ५ बमोजिम कार्यपालिकाको बैठकको निर्णय प्रमाणित
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत